टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट आज भएका गतिविधिहरु

**मिति २०७६/१२/२७ गते**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आउनुभएका डा तारा पोखरेल, मदनकुमार श्रेष्ठ र सुदिप आलेमगर, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा विनोद विन्दु शर्मा, सामाजिक विकास मन्त्रालय - अस्पताल विकास महाशाखाका डा रामबहादुर के.सी, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा अर्जुन आचार्य, स्वास्थ्य निर्देशनालय (PHEOC) का संयोजक नवराज शर्मा, विश्व स्वास्थ्य संगठनका डा राजीव लालचन लगायतका सहभागी सम्मिलित बैठक स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमा सम्पन्न भयो।





बैठकमा कोभिड-१९ उपचारको लागि तोकिएका अस्पतालहरुको जनशक्ति, सेवासुविधा तथा स्रोत साधनको नक्सांकन गर्ने र त्यसकै आधारमा जनशक्ति परिचालन गरिने निर्णय समेत बैठकले गरेको छ।

कोभिड -१९ को संक्रमण भएका विरामीहरुलाई अस्पताल पुर्याउने निर्देशिका (PPT) र कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी कार्यविधीबारे स्वास्थ्य निर्देशनालयका कर्मचारीहरुलाई अभिमुखीकरण प्रदान गरिएको छ।

कार्यक्रममा प्रदेश PTT को संरचना र परिचालन, स्वास्थ्य कार्यालयहरुको भूमिका, डिस्प्याच सेन्टर, ट्राएज, आवश्यक सामग्री लागयतका विषयमा छलफल र अन्तरक्रिया भएको थियो।

यसैगरी कोभिड-१९ का कारण कसैको मृत्यु भएमा शव व्यवस्थापनमा अस्पतालका कर्मचारी, शव वाहनका कर्मचारी आफन्त र नातेदारले ध्यान दिनुपर्ने कुराहरु तथा अपनाउनुपर्ने सतर्कताका बारेमा समेत छलफल भयो।

**चैत्र २६ गतेसम्म हेल्लो डाक्टर १०९२ मा सेवा लिने सेवाग्राहीको संख्या ५१३**

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमुना र नतिजा सम्बन्धि चैत्र २७ गतेसम्मको विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 4 | 11 | 111 | - | 389 | 84 | 74 | 0 | 10 |
| स्यांग्जा | 34 | 1193 | 42 | 419 | - | - | 4 | - | 581 | 79 | 38 | 0 | 41 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 2 | 2 | 0 | 0 |
| लमजुङ्ग | 68 | 949 | 29 | 24 | 4 | 226 | 5 | - | 188 | 30 | 25 | 0 | 5 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 3 | 3 | 0 | 0 |
| पर्वत | 11 | 375 | 7 | 185 | - | 326 | 20 | 6 | 316 | 50 | 46 | 0 | 4 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 4 | 3 | 0 | 1 |
| बाग्लुङ्ग | 37 | 219 | 26 | 803 | - | - | 9 | 2 | 836 | 28 | 23 | 2 | 3 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 2 | 560 | - | - | - | - |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 46 | 7 | - | 3 | 3 | 0 | 0 | 3 |
| मुस्ताङ्ग | 15 | 96 | 7 | 2 | 4 | - | 10 | - | 25 | - | - | - | - |
| **जम्मा** | 295 | 4776 | 209 | 2413 | 88 | 1134 | 265 | 10 | 4146 | 283 | 214 | 2 | **67** |




प्रेस वक्तव्य (२०७६/१२/२५)




प्रेस वक्तव्य (२०७६/१२/२६)

*Website: http://hd.gandaki.gov.np/*  *Email Address: hd.gandaki@gmail.com*

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०



भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्रि श्री रामशरण बस्नेतज्यू तथा सचिव श्री इश्वरचन्द्र मरहट्टा ले आज स्वास्थ्य निर्देशनालयको अवलोकन गर्नुभयो । यस अवसरमा उहाँहरुले कोभिड-१९ संग सम्बन्धित विभिन्न क्रियाकलापहरुबारे जानकारी लिनुका साथै संक्रमितहरुको व्यवस्थापन र उपचारका लागि कर्मचारी व्यवस्थापनको स्थितिबारे नेपाल चिकित्सक संघ, कास्कीका अध्यक्ष लगायत अन्य अस्पतालहरुका निर्देशक तथा प्रतिनिधिहरुसंग जानकारी लिनुभयो। यस अघि माननीय मन्त्रि श्री रामशरण बस्नेतज्यू तथा सचिव श्री इश्वरचन्द्र मरहट्टाज्यू सहित स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्माले लेखनाथमा अवस्थित लेखनाथ सामुदायिक लायन्स अस्पतालको निरिक्षण गर्नुभएको थियो।






गण्डकी प्रदेश सरकारले घोषणा गरे बमोजिम ३ हप्ता भित्रमा भारत लगायत विदेशबाट आएका नागरिकहरुको कोभिड-१९ को संक्रमण अवस्था जान्नका लागि सबैको परिक्षण गर्ने योजना अनुसार Rapid Diagnostic Test (RDT) संघिय सरकार मार्फत ५००० किट प्राप्त भएका छन्। यसको शुरुवात बाग्लुङ्ग जिल्लाबाट गरिएको छ। गण्डकी प्रदेशभित्र रहेका स्वास्थ्य कार्यालयहरुबाट प्राप्त तथ्यांक अनुसार गण्डकी प्रदेशमा मिति २०७६/१२/४ देखि भारत लगायत विदेशबाट आएका नागरिकको संख्या ४१४६ रहेको छ र यी सबैको RDT किट द्वारा परिक्षण गरिने छ।

**साबुन पानीले हात मिचीमिची धोऔं।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं।**

**लक डाउनको बेला घरमै बस्नुहोस । अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस। सामाजिक दुरी कायम राख्नुहोस।**

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल


टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०






गण्डकी प्रदेशमा हालसम्म २६२ जनाको नमुना संकलन गरिएको छ जसमध्ये १७९ जनाको परिक्षण परिणाम नेगेटिभ रहेको छ भने ८१ जनाको नमुना परिक्षणको नतिजा आउन बाँकी रहेको जानकारी प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशकले दिनुभएको छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा एउटा RT- PCR मेसिन र अर्को Portable PCR मेसिनबाट गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुबाट संकलित नमुनाको दैनिक परिक्षण भैरहेको छ।

यसैगरी कोभिड-१९ डेडीकेटेड अस्पतालमा खटिने स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरुको अन्तिम रोष्टर तयार गर्नको लागि कास्की जिल्लाभित्र रहेका विभिन्न अस्पतालका निर्देशकहरुको बैठक चलिरहेको छ।

विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं। होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछयानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने। हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने।

ड.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने। यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने। खोक्दा वा हाछ्यु गर्दा आफ्नो मुख र नाकलाई टिस्यु पेपर, रुमाल वा कुहिनोले छोप्ने।

**नबराज शर्मा**
**स्वास्थ्य शिक्षा प्रशिक्षक**
**स्वास्थ्य निर्देशानालय, पोखरा**

हेलो डाक्टर
१०९२ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको टोल फ्री नं १०९२ मा सम्पर्क राख्नुहोस् ।